# सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तराष्ट्रिय महासन्धि

*महासभाको २१ डिसेम्बर १९६५ को प्रस्ताव नम्बर २१०६ ए ९ह्ह० बाट ग्रहण गरिएको र*
*हस्ताक्षर तथा अनुमोदनकोलागि खुला गरिएको*
*लागू भएको मितिः धारा १९ अनुसार, ४ जनवरी १९६९*

यस महासन्धिका पक्षराष्ट्रहरू
संयुक्त राष्ट्रसंघको वडापत्र सबै मानव जातिमा अन्तरनिहित प्रतिष्ठा तथा समानताको सिद्धान्तमा आधारित भएकोर संयुक्त राष्ट्रसंघका उद्देश्यहरूमध्ये जात, लिंग, भाषा वा धर्मको आधारमा कुनै भेदभाव नगरी सबैकोलागि मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूको विश्वव्यापी आदर तथा पालनाको प्रवर्द्धन गर्ने तथा प्रोत्साहन दिने एक उद्देश्यको प्राप्तिकोलागि सबै सदस्य राष्ट्रहरू स्वयम्ले संघको सहयोगमा संयुक्त वा छुट्टाछुट्टै कामकारवाही गर्ने प्रतिज्ञा गरेको कुरा विचार गर्दै,

मानवअधिकारको विश्वव्यापी घोषणपत्रले सबै मानव जाति स्वतन्त्र रुपले जन्मन्छन् र प्रतिष्ठा एवम् अधिकारमा समान छन् तथा प्रत्येक व्यक्ति कुनै किसिमको, खासगरी जाति, वर्ण वा उत्पत्तिको, भेदभाव विना सो घोषणापत्रमा उल्लिखित सम्पूर्ण अधिकार तथा स्वतन्त्रताहरूको हकदार छन् भन्ने घोषणा गरेको कुरा विचार गर्दै,

सबै मानव जाति  कानूनको अगाडि समान छन् तथा कुनै भेदभाव तथा भेदभावका प्रोत्साहन विरुद्ध कानुनका समान संरक्षणको हकदार छन् भन्ने कुरा विचार गर्दै,

संयुक्त राष्ट्रसंघले जुनसुकैरुपमा र जहाँसुकै भए पनि उपनिवेशवाद तथा विखण्डन तथा सोसँग सम्बन्धित भेदभावका सम्पूर्ण व्यवहारको निन्दा गरेको तथा १४ डिसेम्बर १९६० को औपनिवेशिक देशहरू तथा जनताहरूलाई स्वाधिनता प्रदान गर्ने सम्बन्धी घोषणा -महासभाको प्रस्ताव १५१४ ९ह्ह० ले तिनीहरूलाई शीघ्र तथा निःशर्त लक्ष्यमा पुऱ्याउन आवश्यक भएको निश्चित गरेको कुरा गम्भिरतापूर्वक घोषणा गरेको कुरा विचार गर्दै,

संयुक्त राष्ट्रसंघको २० नोभेम्बर १९६३ को सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने प्रस्ताव १९०४ ९ह्क्ष्क्ष्० घोषणाले विश्व भरिनै जातीय भेदभावका सम्पूर्ण तथा प्रकट रुपलाई तीव्र गतिमा उन्मूलन गर्न तथामानव जातिको मर्यादाको बोध एवम् सो प्रतिको आदर सुरक्षित गर्न आवश्यक भएको गम्भिरतापूर्वक प्रतिरक्षा गरेको कुरा विचार गर्दै,

जातीय विभेदमा आधारित सर्वोच्चताको कुनै पनि सिद्धान्त बैज्ञानिक रुपले गलत, नैतिक रुपले निन्दनीय, सामाजिक रुपले अन्यायपूर्ण तथा खतरनाक भएको तथा सिद्धान्त वा व्यवहारका कुनै पनि स्थानमा जातीय भेदभावको कुनै उचिछ कारण नभएको कुरा सहमत हुँदै,

जात, वर्ण वा जातीय उत्पत्तिको आधारमा मानव जातिबीच गरिने भेदभाव राष्ट्रहरूबीचको मैत्रीपूर्ण तथा शान्तिपूर्ण सम्बन्धको एक बाधक भएको तथा राष्ट्रहरूबीचको मैत्रीपूर्ण तथा शान्तिपूर्ण सम्बन्धको एक बाधक भएको तथा राष्ट्रहरूबीचको शान्ति तथा सुरक्षा तथा एउटै राष्ट्रभित्र एक साथ बस्ने व्यक्तिहरूको सामन्जस्यतामा समेत खलल पुऱ्याउन समर्थ भएको कुरा पुनः निश्चित गर्दै,

जातीय तगारोको विद्यमानता कुनै पनि मानव समाजको आदर्श विपरित भएको कुरामा विश्वस्त भएर, विश्वका केही स्थानहरूमा जातीय विभद अझैपनि प्रमाणको रुपमा देखिइरहेको तथा जातीय सर्वोच्चता वा घृणामा आधारित सरकारी नीतिहरू जस्तै रंगभेद, विखण्डन वा विभाजनवादी नीतिहरूबाट भयभीत भएर,
जातीय भेदभाव र यसका सम्पूर्ण तथा प्रकट रुपलाई शीघ्ररुपमा उन्मूलन गर्न तथा तथा जातिहरूबीच समझदारी प्रवर्द्धत गर्ने तथा सबै किसिमका जातीय विखण्डनवाद तथा जातीय भेदभावबाट मुक्त एक

अन्तर्राष्ट्रिय समुदाय निर्माण गर्नकोलागि जातीय सिद्धान्त तथा व्यवहार रोकथाम गर्न त्यस्ता सिद्धान्त तथा व्यवहारविरुद्ध लडाई गर्न सबै आवश्यक उपायहरू अवलम्बन गर्न दृढ भएर,

अन्तर्राष्ट्रिय श्रम संगठनबाट सन् १९५८ मा ग्रहण गरिएको रोजगार तथा पेशा व्यवसायका सम्बन्धमा भेदभावसम्बन्धी महासन्धि तथा संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा साँस्कृतिक संगठनबाट सन् १६० मा ग्रहण गरिएको शिक्षामा भेदभावविरुद्धको महासन्धिलाई मनन गर्दै,

सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रमा अन्तर्राष्ट्रिय सिद्धान्तहरूको कार्यान्वयन गर्ने तथा सो लक्ष्य प्राप्तिकोलागि व्यवहारिक उपायहरूको शीघ्र ग्रहण सुनिश्चित गर्न इच्छुक हुँदै,

देहाय बमोजिम गर्न सहमत भएकाछन् :

भाग एक

धारा १

१. यस महासन्धिमा "जातीय भेदभाव" भन्नाले राजनीतिक, आर्थिक सामाजिक, साँस्कृतिक वा सार्वजनिक जीवनका वा अन्य कुनै क्षेत्रमा समानताको आधारमा मानवअधिकार तथा आधारभूत स्वतन्त्रताहरूको मान्यता, उपयोग वा व्यवहार, निषेध वा कमजोर गर्ने उद्देश्य प्रभाव भएको जाति, वर्ण, वंश वा राष्ट्रिय जातीय उन्पत्तमा आधारित कुनै पनि भेदभाव, वहिष्कार, प्रतिबन्ध वा प्राथमिकतालाई सम्झनु पर्छ ।
२. यस महासन्धिको कुनै पक्षराष्ट्रले नागरिक तथा गैरनागरिकहरूबीच गरेको विभेद, निषेध, प्रतिबन्ध वा प्राथमिकताहरूको हकमा यस महासन्धि लागू हुनेछैन ।
३. पक्षराष्ट्रहरूको राष्ट्रियता, नागरिकता वा अंगिकरणसम्बन्धी कानुनी व्यवस्थाहरूमा कुनैपनि किसिमले असर पार्ने गरी यस महसान्धिमा उल्लिखित कुनै पनि कुराको व्याख्या गरिनेछैन तर त्यस्ता व्यवस्थाहरूले कुने खास राष्ट्रियता उपर भेदभाव गरेको हुनु हुँदैन ।
४. आवश्यक संरक्षणको आवश्यकता भएका कुनै निश्चित जातीय वा सामाजिक समूह वा व्यक्तिहरूलाई मानवअधिकार तथा मोलिक स्वतन्त्रताहरूकोसमान उपभोग वा प्रयोग सुनिश्चित गर्न त्यस्ता जातीय, सामाजिक समूह वा व्यक्तिहरूको पर्याप्त उन्नति सुनिश्चित गर्ने एकमात्र उद्देश्यले अपनाइएका विशेष उपायहरूलाई जातीय भेदभाव मानिनेछैन, तर त्यस्ता उपायहरू परिणामतः विभिन्न जातीय समूहहरूकोलागि छुट्टाछुट्टै अधिकार कायम राख्ने किसिमको हुनु हुँदैन र जुन उद्देश्यहरूकोलागि त्यस्ता उपायहरू अपनाइएको हो, त्यस्ता उद्देश्यहरू हासिल भैसकेपछि त्यस्ता छुट्टै उपायहरूलाई निरन्तरता दिइनेछैन ।

धारा २

१. पक्षराष्ट्रहरूले जातीय विभेदको निन्दा गर्दछन् र कुनै पनि रुपले जातीय विभेद उन्मूलन गर्ने तथा सबै जातिहरूबीच समझदारी अभिवृद्धि गर्ने नीति अपनाउन सम्पूर्ण समूचित उपायहरू अविलम्ब अपनाउने कुराको प्रतिज्ञा गर्दछन् र यस उद्देश्यको लीग :
   (क) प्रत्येक पक्षराष्ट्रले व्यक्तिहरू, व्यक्तिको समूहहरू वा संस्थाहरू विरुद्ध जातीय विभेदको कुनै काम वा व्यवहारमा संलग्न नहुने तथा राष्ट्रिय एवम् सबै स्थानीय सार्वजनिक निकायहरू तथा सार्वजनिक संस्थाहरूले यस दायित्वअनुरुप काम गर्ने कुरा सुनिश्चित गर्ने कुराको प्रतिज्ञा गर्दछन् ,
   (ख) प्रत्येक पक्षराष्ट्रले कुनै व्यक्तिहरू वा संगठनहरूबाट भएको जातीर्या वभेदको प्रायोजन, प्रतिरक्षा तथा समर्थन नगर्ने कुराको प्रतिज्ञा गर्दछन्,
   (ग) प्रत्येक पक्षराष्ट्रले सरकारी, राष्ट्रिय तथा स्थानीय नीतिहरू पुनरावलोकन गर्न तथा जुनसुकै स्थानमा विद्यमान भएको भए पनि जातीय विभेद सिर्जना गर्ने वा अविच्छिन्न गराउने प्रभाव भएको कुनै कानुन वा नियमहरू संशोधन गर्न, खारेज वा गैरकानुनी घोषित गर्न प्रभावकारी उपायहर अपनाउनेछन्,

(घ) प्रत्येक पक्षराष्ट्रले सबै उपयुक्त माध्यमबाट परिस्थितिअनुरुप आवश्यक भएमा विधायनबाट समेत कुनै व्यक्तिहरू, समूह वा संगठनबाट गरिने जातीय विभेद निषेध तथा उन्मूलन गर्नेछन्,

(ङ) प्रत्येक पक्षराष्ट्रले उपयुक्त भएको अवस्थामा एकीकरणवादी बहुजातीय संगठन तथा आन्दोलनहरू तथा जातिहरूबीच रहेको अवरोधहरू उन्मूलन गर्ने अन्य उपायहरूलाई प्रोत्साहन दिन तथा जातीय विभाजनलाई बलियो बनाउने किसिमको कुनै पनि कुरालाई निरुत्साहित गर्न प्रतिज्ञा गर्दछन् ।

२. पक्षराष्ट्रहरूले परिस्थिति अनुसार आवश्यक भएको अवस्थामा आफ्नो क्षेत्रमा रहेका खास जातीय समूहहरू वा व्यक्तिलाई मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूको पूर्ण तथा समान उपभोगको प्रत्याभूत गर्ने प्रयोजनकोलागि त्यस्ता समूह वा व्यक्तिहरूको पर्यापत विकास तथा संरक्षण सुनिश्चित गर्न सामाजिक, आर्थिक, साँस्कृतिक तथा अन्य क्षेत्रहरूमा खास तथा ठोस उपायहरू अपनाउनेछन् । जुन उद्देश्यकोलागि ती उपायहरू अपनाइएको थियो । त्यो उद्देश्य प्राप्त भएपछि त्यस्ता उपायहरूले कुनै पनि अवस्थामा विभिन्न जातीय समूहहरूकोलागि असमान वा भिन्न अधिकारहरू कायम गरी राख्ने परिणाम कुनै पनि अवस्थामा विभिन्न जातीय समूहहरूको लाीग असमान वा भिन्न अधिकारहरू कायम गरी राख्ने परिणाम कुनै पनि अवसथमा ल्याउनेछैनन् ।

धारा ३

पक्षराष्ट्रहरूले खासगरी जातीय विखण्डन तथा रंगभेदको निन्दा गर्दछन् र आफ्ना क्षेत्राधिकार अन्तरगतका इलाकाहरूमा यस्ता प्रकृतिका सबै व्यवहारहरूको रोकथाम, निषेध तथा उन्मूलन गर्ने प्रतिज्ञा गर्दछन् ।

धारा ४

पक्षराष्ट्रहरू कुनै एक जाति वा एउटा वर्ण वा सामाजिक उत्पत्तिका व्यक्तिहरूको समूहको उच्चताको विचार वा सिद्धान्तहरूमा आधारित सम्पूर्ण प्रचार तथा संगठनहरूको निन्दा गर्दछन् र यस्तो विभेदलाई प्रोत्साहन दिने वा त्यस्तो कार्यहरू उन्मूलन गर्ने उद्देश्यका तात्कालिक तथा सकारात्मक उपायहरू ग्रहण गर्न प्रतिज्ञा गर्दछन् तथा यस उद्देश्यकोलागि मानवअधिकारको विश्वव्यापी घोषणामा निहित सिद्धान्तहरू तथा यस महासन्धिको धारा ५ मा स्पष्ट रुपले उल्लेख गरिएको अधिकारहरू प्रति उचित सम्मान राख्ने अन्य कुराका अतिरिक्त,

(क) जातीय सर्वोच्चता वा घृणामा आधारित विचारहरूको प्रचार-प्रसार जातीय विभेदलाई प्रोत्साहन दिनुका अतिरिक्त कुनै जाति वा अर्को वर्ण वा सामाजिक उत्पत्तिका व्यक्तिहरूको समूहहरू विरुद्धको हिंसाको कार्य वा त्यस्ता कार्यलाई प्रोत्साहन दिने कार्य तथा जातीय क्रियाकलापलाई दिइने कुनै सहायता, त्यस्तो क्रियाकलापलाई आर्थिक सहयोग दिने कार्यसमेतलाई कानुनद्वारा दण्डनीय कसुरको रुपमा घोषण गर्नेछन्,

(ख) जातीय विभेदलाई प्रोत्साहन तथा प्रवर्द्धन गर्ने संगठनहरू तथा संगठित तथा अन्य सम्पूर्ण प्रचार-प्रसारका क्रियाकलापहरूलाई गैरकानुनी घोषित गर्ने तथा निषेध गर्नेछन् र त्यस्ता संगठन वा क्रियाकलापहरूमा हुने सहभागिता कानुनद्वारा दण्डनीय कसुरको रुपमा स्वीकार गर्नेछन् ।

(ग) राष्ट्रिय वा स्थानीय सार्वजनिक निकायहरू वा सार्वजनिक संस्थाहरूलाई जातीय विभेदलाई प्रोत्साहन वा प्रवर्द्धन गर्न अनुमति दिनेछैनन् ।

धारा ५

यस महासन्धिको धारा २ मा व्यवस्था गरिउका आधारभूत दायित्वहरूअनुरुप, पक्षराष्ट्रहरूले कुनै पनिरुपमा हुने जातीय विभेदको निषेध तथा उन्मूलन गर्न तथा जाति, वर्ण वा राष्ट्रिय वा सामाजिक उत्पत्तिसम्बन्धी कुनै कुराको भेदमा विना खासगरी देहायको अधिकारहरूको उपभोगमा कानुनको अगाडि प्रत्येत व्यक्तिको समानताको अधिकारको प्रत्याभूति गर्ने प्रतिज्ञा गर्दछन् ।

(क) न्यायाधिकरण -ट्राइबुनल) तथा न्याय प्रदान गर्ने अन्य सबै अंगहरूका अगाडि समान व्यवहार पाउने अधिकार,

(ख) व्यक्तिको सुरक्षा तथा कुनै सरकारी अधिकारहरूबाट वा कुनै वैयक्तिक समूह वा संस्थाहरूबाट हुने कुने हिंसा वा शारीरिक क्षतिविरुद्ध राज्यबाट संरक्षर्णा पाउने अधिकार,

(ग) राजनीतिक अधिकारहरू खासगरी सर्वव्यापी तथा समान मताधिकारको आधारमा निर्वाचनहरमा भाग लिने, निर्वाचनमा मतदान गर्ने तथा उम्मेदवार बन्ने अधिकार, सरकार तथा कुनै पनि तहमा सार्वजनिक मामिलाको संचालनमा भागलिने अधिकार तथा सार्वजनिक सेवामा समान पहुँचको अधिकार,
(घ) अन्य नागरिक अधिकारहरू, खासगरी :
  (१) राष्ट्रको सीमानाभित्र आवतजावत तथा बसोबास गर्ने स्वतन्त्रताको अधिकार,
  (२) आफ्नो देशलगायत कुनै देशबाट बाहिर निस्कने र आफ्नो देशमा फर्किने अधिकार,
  (३) राष्ट्रिययताको अधिकार,
  (४) विवाह गर्ने तथा वरवधु छान्ने अधिकार,
  (५) एक्लै वा अरुसँग मिलेर सम्पत्ति राख्ने अधिकार,
  (६) पुर्ख्यौली सम्पत्ति प्राप्त गर्ने अधिकार,
  (७) विचार, सदविवेक र धर्मको स्वतन्त्रताको अधिकार,
  (८) विचार र अभिव्यक्तिको स्वतन्त्रतासम्बन्धी अधिकार,
  (९) शान्तिपूर्ण भेला हुने तथा संगठन गर्ने स्वतन्त्रताको अधिकार ।
(ङ) आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार, खासगरी :
  (१) काम गर्ने, स्वेच्छाले रोजगारी रोज्ने, कामको उचित र अनुकूल परिस्थिति प्राप्त गर्ने, बेरोजगारीविरुद्ध संरक्षण पाउने, समान कामकोलागि समान तलब पाउने, उचित तथा अनुकूल पारिश्रमिक पाउने अधिकार,
  (२) ट्रेड यूनियन स्थापना गर्ने तथा त्यसमा सम्मिलित हुने अधिकार,
  (३) आवासको अधिकार,
  (४) सार्वजनिक स्वास्थ्य, औषधोपचार सामाजिक सुरक्षा तथा सामाजिक सेवाहरू प्राप्त गर्ने अधिकार,
  (५) शिक्षा तथा तालिम -प्रशिक्षण) को अधिकार,
  (६) साँस्कृतिक क्रियाकलापहरूमा समान सहभागिताको अधिकार,
  (च) यातायात, होटल, रेष्टुरेण्ट, क्याफे, नाचघर तथा उद्यान जस्ता सर्वसाधारणको प्रयोगको लागि रहेका कुनै स्थान वा सेवामा पहुँचको अधिकार ।

धारा ६

पक्षराष्ट्रहरू प्रत्येक व्यक्तिलाई आफ्नो क्षेत्राधिकारभित्र सक्षम राष्ट्रिय न्यायाधिकरण र अन्य राष्ट्रिय संस्थाहरूमार्फत जातीय भेदभावविरुद्धको कुनै कार्यले यस महासन्धिको विपरित उसको मानवअधिकार र आधारभूत स्वतन्त्रताको हननको विरुद्ध प्रभावकारी सुरक्षा र उपचारको साथै त्यस्तो भेदभावको कारणले भएको कुनै पनि क्षतिकालागि त्यस्ता न्यायाधिकरणबाट उपयुक्त र उचित क्षतिपूर्ति वा सन्तुष्टी पाउने अधिकारको विश्वास दिलाउनेछन् ।

धारा ७

जातीय भेदभावतर्फ धकेल्ने दुराग्रहहरू विरुद्ध लडाई गर्ने तथा राष्ट्रहरू तथा जातीय वा सामाजिक समूहहरूबीच समभ्कदारी, सहिष्णुता तथा मित्रता प्रवर्द्धन गर्ने एवम् संयुक्त राष्ट्रसंघको वडापत्रका उद्देश्य तथा सिद्धान्तहरू, मानवअधिकारहरूको विश्वव्यापी घोषणापत्र, सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र तथा यस महसान्धिको प्रचार-प्रसार गर्न पक्षराष्ट्रहरूले खासगरी शिक्षण, शिक्षा, संस्कृति तथा सूचनाको क्षेत्रमा, तात्कालिक तथा प्रभावकारी उपायहरू, ग्रहण गर्ने प्रतिज्ञा गर्दछन् ।

भाग दुई

धारा ८

१. पक्षराष्ट्रहरूद्वारा आफ्ना नागरिकहरूमध्येबाट निर्वाचित उच्च नैतिक अडान तथा निष्पक्ष स्वीकार गरिएका आफ्नो व्यत्तिगत क्षमतमा कार्य गर्ने समन्यायिक भौगोलिक विभाजन र विभिन्न सभ्यताको साथै मुख्य मुख्य कानुनी प्रणालीको प्रतिनिधित्वलाई ध्यानमा राखी अठार (१८) जना विशेषज्ञहरू रहेको जातीय भेदभाव उन्मूलनसम्बन्धी समिति -यसपछि “समिति” भनिएको) स्थापना गरिनेछ ।

२. पक्षराष्ट्रहरूबाट मनोनित व्यक्तिहरूको सूचीबाट गोप्य मतदानद्वारा समितिका सदस्यहरू निर्वाचित हुनेछन्, प्रत्येक पक्षराष्ट्रले आफ्ना नागरिकहरूमध्येबाट एक व्यक्ति मनोनित गर्न सक्नेछ ।
३. यो महासन्धि लागू भएको मितिले ६ महिना पछि प्रारम्भिक निर्वाचन गरिनेछ । प्रत्येक निर्वाचनको मितिभन्दा कम्तिमा तीन महिना अगावै संयुक्त राष्ट्रसंघका महासचिवले पक्षराष्ट्रहरूलाई दुई महिनाभित्र मनोनयनहरू पेश गर्न आमन्त्रण गर्दै पत्र पठाउनेछन् । महासचिवले यसरी मनोनित सबै व्यक्तिहरूको वर्णानुक्रममा त्यस्त व्यक्तिहरूको मनोनयन गर्ने, पक्षराष्ट्रहरू उल्लेख गरिएको एउटा सूची तयार गरी सो सूची पक्षराष्ट्रहरूसमक्ष पेश गर्नेछन् ।
४. महासचिवद्वारा संयुक्त राष्ट्रसंघको प्रधान कार्यालयमा बोलाइएको पक्षराष्ट्रहरूको बैठकमा समितिका सदस्यहरूको चिर्वाचन गरिनेछ । पक्षराष्ट्रहरूको दुई तिहाई संख्या गणपूरक संख्या मानिनेछ, सो बैठकमा सबभन्दा बढी मत तथा बैठकमा उपस्थित भै मतदान गर्ने पक्षराष्ट्रका प्रतिनिधिहरूको मतको पूर्ण बहुमत प्राप्त गर्ने मनोनित व्यक्तिहरू समितिमा निर्वाचित व्यक्तिहरू हुनेछन् ।
५. (क) समितिका सदस्यहरू चारवर्षको अवधिकोलागि निर्वाचित हुनेछन् । तर पहिलोनिर्वाचन निर्वाचित सदस्यहरूमध्ये नौ जना सदस्यहरूको पदावधि दुई वर्षको अन्त्य पछि समाप्त हुनेछ ।
(ख) आकस्मिकरुपमा रिक्त पदहरू पूर्ति गर्नकोलागि त्यो पक्षराष्ट्र जसको विशेषज्ञले समितिको सदस्यको रुपमा कार्य गर्न छाडेको हो, ले समितिको अनुमोदनको अधिनमा रहने गरी आफ्ना नागरिकहरूमध्येबाट अर्को विशेष नियुक्त गर्नेछ ।
६. समितिको कर्तव्य पालना गर्दाको अवस्थामा समितिका सदस्यहरूको खर्चकोलागि पक्षराष्ट्हर जिम्मेवार हुनेछन् ।

धारा ९
१. पक्षराष्ट्रहरूले आफूले ग्रहण गरेका तथा यस महासन्धिका व्यवस्थाहरू कार्यान्वयन गर्ने व्यवस्थापकीय, न्यायिक, प्रशासनिक वाअन्य उपायहरूसम्बन्धी प्रतिवेदन समितिबाट विचार हुनकोलागि संयुक्त राष्ट्रसंघका महासचिवसमक्ष पेश गर्ने प्रतिज्ञा गर्दछन् :
(क) सम्बन्धित राष्ट्रको हकमा महासन्धि लागू भएको एकवर्षभित्र, तथा
(ख) त्यसपछि प्रत्येक दुई-दुई वर्षमा तथा समितिले अनुरोध गरेको बखत समितिले पक्षराष्ट्रहरूसँग थप जानकारी माग गर्न सक्नेछ ।
२. समितिले महासचिवमार्फत आफ्नो क्रियाकलापसम्बन्धी प्रतिवेदन संयुक्त राष्ट्रसंघको महासभासमक्ष वार्षिकरुपमा पेश गर्नेछ तथा पक्षराष्ट्रहरूबाट प्राप्त प्रतिवेदनहरू तथा जानकारी परीक्षणमा आधारित सुझावहरू दिन तथा साधारण सिफारिशहरू गर्न सक्नेछ । त्यस्ता सुझावहरू तथा साधारण सिफारिशहरू एवम् पक्षराष्ट्रहरूबाट कुनै प्रतिक्रिया प्राप्त भएको भए त्यस्तो प्रतिक्रियासमेत महासभामा पेश गरिनेछ ।

धारा १०
१. समितिले आफ्नो कार्यविधिका नियमहरू आफै निर्धारण गर्नेछ ।
२. समितिले आफ्ना अधिकारीहर दुई वर्षको कार्यकालकोलागि निर्वाचित गर्नेछ ।
३. समितिको सचिवालय संयुक्त राष्ट्रसंघका महासचिवले उपलब्ध गराउनेछन् ।
४. समितिका बैठकहरू सामान्यतया संयुक्त राष्ट्रसंघको प्रधान कार्यालयमा सम्पन्न गरिनेछन् ।

धारा ११
१. कुनै पक्षराष्ट्रलाई अर्को पक्षराष्ट्रले यस महासन्धिका व्यवस्थहरूलाई कार्यान्वयन गरिरहेको छैन भन्ने लागेमा त्यस्तो पक्षराष्ट्रले सो कुरा समितिको ध्यानमा ल्याउन सक्नेछ । त्यसपछि समितिले सो कुराको संचार सम्बन्धित पक्षराष्ट्रलाई पठाउनेछ । संचार प्राप्त गर्ने राष्ट्रले तीन महिनाभित्र विषयवस्तु तथा सो राष्ट्रले कुनै उपचार ग्रहण गरेको भए सोसमेत हुने गरी स्पष्टीकरण वा बयान लिखितरुपमा समिति समक्ष पेश गर्नेछ ।
२. द्विपक्षीय वार्ता वा दुवै पक्षहरूलाई खुला रहेका अन्य कुनै कार्यविधिको माध्यमबाट सो कुरा दुवै पक्षको चित्त बुझ्ने गरी समाधान हुन नसकेमा प्रारम्भिक संचार प्राप्त गर्ने राष्ट्रले सो संचार प्राप्त गरेको

मितिले ६ महिनाभित्र समिति तथा अन्य राष्ट्रलाई समेत सूचना दिएर समितिसमक्ष सो कुरा पुनः पेश गर्ने अधिकार दुवै पक्षलाई हुनेछ ।

३. सो मुद्दामा अन्तर्राष्ट्रिय कानुनका सामान्यतः स्वीकृत सिद्धान्तहरू अनुरुप उपलब्ध सबै घरेलु उपचारहरूको माग गरिएको र त्यस्ता उपचारहरू समाप्त भैसकेको कुरा आफूले एकनि गरिसके पछि समितिले आफूसमक्ष यस धाराको प्रकरण २ अनुसार पेश गरिएको कुनै कुरा हेर्नेछ । उपचारहरू लागू गर्न अनुचित ढिलाई हुने अवस्थमा यो व्यवस्थाको नियम लागू हुनेछैन ।

४. आफूसमक्ष पेश गरिएका कुनै कुरामा समितिले सम्बन्धित पक्षराष्ट्रहरूलाई कुनै अन्य सम्बन्धित जानकारी उपलब्ध गराउन अनुरोध गर्न सक्नेछ ।

५. यस धाराबाट उत्पन्न कुनै कुरा समितिबाट विचार भैरहेको अवस्थामा सम्बन्धित पक्षराष्ट्रहरूले सो कुरा समितिको कारवाहीमा विचारधीन भैरहेको समयमा मतदान गर्ने अधिकार विना भाग लिन प्रतिनिधि पठाउन पाउनेछन् ।

धारा १२

१. (क) समितिले आफूले आवश्यक ठानेका सम्पूर्ण जानकारी प्राप्त गरी सूक्ष्म परीक्षण गरिसके पछि अध्यक्षले समितिका सदस्य रहेका वा नरहेका पा“च जना व्यक्तिहरू रहेको एक अस्थायी मेलमिलाप आयोग (यसपछि “आयोग” भनिएको) गठन गर्नेछ । आयोगका सदस्यहरू विवादका पक्षहरूको सर्वसम्मत सहमतिबाट नियुक्त गरिनेछन् र आयोगको सद्भावपूर्ण सेवा (गुड अफिसेस) यस महासनिध प्रतिको आदरको आधारमा विवादको शान्तिपूर्ण समाधानको उद्देश्यले सम्बन्धित राष्ट्रहरूलाई उपलब्ध गराउनेछ ।

(ख) विवादका पक्षराष्ट्रहरू आयोगको गठनका समबन्धमा पूर्ण वा आंशिकरुपमा तीन महिनाभित्र सहमत हुन नसकेमा विवादका पक्षराष्ट्रहरूले स्वकित नगरिएका आयोगका सदस्यहरू आफ्नै सदस्यहरूमध्येबाट समितिको दुई तिहाई बहुमतबाट समितिका गोप्य मतदानद्वारा निर्वाचित गरिनेछन् ।

२. आयोगका सदस्यहरूले आफ्नो व्यक्तिगत क्षमतामा सेवा गर्नेछन् । विवादका पक्षराष्ट्रहरू यस महासन्धिको पक्ष नभएको कुनै राज्यका नागरिकहरू आयोगका सदस्यहरू हुनेछैनन् ।

३. आयोगले आफ्नो अध्यक्ष चयन गर्नेछ र आफ्नो कार्यविधिका नियमहरू आफै निर्धारण गर्नेछ ।

४. आयोगका बैठकहरू सामान्यतया संयुक्त राष्ट्रसंघको प्रधान कार्यालय वा आयोगबाट निर्धारण गरिएको कुनै अन्य सुविधायुक्त स्थानमा गरिनेछन् ।

५. पक्षराष्ट्रहरूबीच कुनै विवाद उत्पन्न भई आयोग क्रियाशील भएको बखतमा यस महासन्धिको धारा १० को प्रकरण ३ अनुसार उपलब्ध सचिवालयले आयोगलाई सेवा पुऱ्याउनेछ ।

६. विवादका पक्षराष्ट्रहरूले संयुक्त राष्ट्र संघका महासचिवबाट उपलब्ध गराइएको अनुमान अनुसार आयोगका सदस्यहरूको सम्पूर्ण खर्च समानरुपमा व्यहोर्नेछन् ।

७. आयोगका सदस्यहरूको खर्च यस धाराको प्रकरण ६ बमोजिम विवादका पक्षराष्ट्रहरूबाट प्राप्त हुने अगाडि आवश्यक भएमा भुक्तानी गरिदिने अधिकार महासचिवलाई दिइनेछ ।

८. समितिद्वारा प्राप्त तथा विस्तापूर्वक सम्परीक्षण गरिएका जानकारी आयोगलाई उपलब्ध गराइने र आयोगले सम्बन्धित राष्ट्रहरूलाई अन्य कुनै सम्बन्धित जानकारी उपलब्ध गराउन अनुरोध गर्न सक्नेछ।

धारा १३

१. आयोगले पूर्णरुपमा विषयवस्तु उपर विचार गरिसकेपछि आयोगले पक्षहरबीचको विवादसँग सम्बन्धित सम्पूर्ण तथ्यगत् प्रश्नहरूमा आफ्नो ठहर समावेश भएको तथा विवादको शान्तिपूर्ण समाधानकोलागि आफूले उपयुक्त ठानेका सुझावहरूसमेत संलग्न प्रतिवेदन तयार गरी समितिको अध्यक्षसमक्ष पेश गर्नेछ।

२. समितिको अध्यक्षले आयोगको प्रतिवेदन विवादका प्रत्येक्ष पक्षराष्ट्रलाई सम्प्रेषण गर्नेछ । राष्ट्रहरूले तीन महिनाभित्र समितिको अध्यक्षलाई आयोगको प्रतिवेदनमा निहित सुझावहरू स्वीकार गरेको वा नगरेको कुरा सूचित गर्नेछन् ।

यस धाराको प्रकरण २ बमोजिमको समायावधि भुक्तान भएपछि समितिको अध्यक्षले आयोगको प्रतिवेदन तथा सम्बन्धित पक्षराष्ट्रहरूको घोषणाहरू महासन्धिका अन्य पक्षराष्ट्रहरूलाई सम्प्रेषण गर्नेछ ।

धारा १४

१. कुनै पक्षराष्ट्रले आफ्नो क्षेत्राधिकारभित्रका व्यक्तिहरू वा व्यक्तिहरूको समूहहरूबाट यस महासन्धि उल्लिखित कुनै अधिकार सो पक्षराष्ट्रबाट उल्लंघन भै पीडित भएको दावी गरिउका सूचना प्राप्त गर्ने र सो उपर विचार गर्न सक्ने समितिको सषमता आफूले स्वीकार गरकौ कुरा कुनै पनि समयमा घोषणा गर्न सक्नछे । कुनै सूचना यस्तो घोषणा नगरेको कुनै पक्षराष्ट्रसँग सम्बन्धित भएमा समितिबाट त्यस्तो सूचना ग्रहण गरिनेछैन ।

२. यस धाराको प्रकरण १ बमोजिमको घोषणा गर्ने कुनै पक्षराष्ट्रले आफ्नो क्षेत्राधिकारभित्र यस महासन्धिमा उल्लिखिच अधिकारहरूमध्ये कुने अधिकारको उल्लंघनबाट पीडित भएको दावी गर्ने र अन्य उपलब्ध स्थानीय उपचारहरू समाप्त गरिसकेका व्यक्तिहरू तथा व्यक्तिहरूको समूहहरूबाट ग्रहण गरी विचार गर्न सक्षम हुनेछ ।

३. यस धाराको प्रकरण १ अनुसार गरिएको घोषणा तथा यसै धाराको प्रकरण २ अनुसार स्थापना गरिएको वा तोकिएको कुनै नाम सम्बन्धित पक्षराष्ट्रबाट राष्ट्रसंघका महासचिवसमक्ष दाखिला गरिनेछ, र सो का प्रतिहरू अन्य राष्ट्रहरूलाई सम्प्रेषण गरिनेछन् । महासचिवलाई सूचना दिएर कुनै समयमा पनि घोषणा फिर्ता लिन सकिनेछ तर त्यस्तो फिर्ता लिने कार्यले समितिसमक्ष विचारधीन संचारहरूलाई कुनै प्रभाव पार्नेछैन ।

४. यस धाराको प्रकरण २ बमोजिम स्थापित वा तोकिएको निकायले निवेदनहरको दर्ता किताब खडा गरी राख्नेछ र दर्ता कितावका प्रमाणित उपयुक्त माध्यमहरूबाट सो किताबमा रहेका कुराहरू सार्वजनिकरुपमा प्रकाश नगरिने समझदारीमा महासचिवसमक्ष वार्षिकरुपमा दर्ता गरिनेछ ।

५. यस धाराको प्रकरण २ बमोजिम स्थापित वा तोकिएको निकायबाट सन्तुष्टि प्राप्त गर्न नसकेको अवस्थामा निवदेकलाई ६ महिनाभित्र समितिसमक्ष सो कुरा सम्प्रेषण गर्न पाउने अधिकार हुनेछ ।

६. (क) समितिले आफूसमक्ष पेश गरिएका सम्प्रेषण गोप्यरुपमा यस महासन्धिका व्यवस्थाहरू उल्लंघन गरेको आरोप लागेको पक्षराष्ट्रको ध्यानमा ल्याउनेछ तर सम्बन्धित व्यक्ति वा व्यक्तिहरूको समूहहरूको व्यक्त सहमति विना निजहरूको परिचय (पहिचान) प्रकट गरिनेछैन । समितिले बेनामी संचारहरू ग्रहण गर्नेछैन ।

   (ख) संचार प्राप्त गर्ने राष्ट्रले विषयवस्तु तथा सो राष्ट्रबाट कुनै उपचार लिइएको भए सोसमेत स्पष्ट पार्ने लिखित व्याख्या वा बयानहरू तीन महिनाभित्र समिति समक्ष पेश गर्नेछ ।

७. (क) सम्बन्धित पक्षराष्ट्र तथा निवेदकबाट समितिलाई उपलब्ध गराइएका सबै जानकारीको आधारमा समितिले सूचनाहरू उपर विचार गर्नेछ । निवेदकले उपलब्ध सबै घरेलु उपचार समाप्त गरिसकेकोछ भन्ने कुरा एकिन नगरसम्म समितिले त्यस्तो निवेदकबाट प्राप्त गरेको कुनै सूचना उपर विचार गर्नेछैन । तथापि उपचारहरू लागू गर्न अनुचित ढिलाई हुने अवस्थामा यो व्यवस्था नियम हुनेछैन ।

   (ख) समितिले आफ्नो सुझावहरू तथा कुनै सिफरिश भए सो समेत सम्बन्धित पक्षराष्ट्र तथा निवेदकलाई पठाउनेछ ।

८. समितिले आफ्नो वार्षिक प्रतिवेदनमा त्यस्ता सूचनाको सारांश तथा उपयुक्त भएको अवस्थामा सम्बन्धित पक्षराष्ट्रहरूको व्यवस्था तथा विवरणहरूको तथा आफ्नो सुझाव तथा सिफारिशहरूको सारांश संलग्न गर्नेछ ।

९. यस महासन्धिका कम्तिमा दश पक्षराष्ट्रहरू यस धाराको प्रकरण १ बमोजिम घोषणाहरूमा सम्मिलित भए पछि मात्र समिति यस धारामा उल्लिखित कार्यहरू गर्न सक्षम हुनेछ ।

धारा १५

१. महासभाको १४ डिसेम्बर १९६० को प्रस्ताव १५१४ ९ह्ह० मा रहेका औपनिवेशिक देशहरू तथा जनताहरूलाई स्वतन्त्रता दिनेसम्बन्धी घोषणापत्रका उद्देश्यहरू हासिल नभएसम्म, यस महासन्धिका

व्यवस्थाहरूले अन्य अन्तर्राष्ट्रिय दस्तावेजहरूबाट वा संयुक्त राष्ट्रसंघ तथा यसका विशिष्टिकृत निकायहरूबाट यी जनताहरूलाई प्रदान गरिएको निवेदन गर्ने अधिकारलाई कुनै पनिरुपमा सीमित गर्नेछैनन् ।

२. (क) यस महासन्धिको धारा ८ को प्रकरण १ अन्तरगत स्थापित समितिले संयुक्त राष्ट्रसंघका निकायहरू, जसले यस महासन्धिका सिद्धान्त र उद्देश्यहरूसँग प्रत्यक्षरुपमा सम्बन्धित विषयहरूसँग र न्याय एवम् गैरस्वशासित क्षेत्रहरू, जसमाथि महासभाको प्रस्ताव १५१४ ९ह्ख० लागू हुन्छ, का बासिन्दाहरूबाट निवदेनका प्रतिहरू ग्रहण गर्नेछ । र त्यस्ता निवेदनहरूमा आफ्नो विचार र सिफारिशका अभिव्यक्तिहरू त्यस्ता निकायसमक्ष पेश गर्नेछ ।

(ख) समितिले संयुक्त राष्ट्रसंघका सक्षम निकायहरूबाट यस प्रकरणको उप-प्रकरण (क) मा उल्लिखित इलाकाहरूभित्र प्रशासन गर्ने अधिकारीहरूबाट लागू गरिएका यस महासन्धिका सिद्धान्त तथा उद्देश्यहरूसँग प्रत्यक्षरुपमा सम्बन्धित व्यवस्थापकीय, न्यायिक, प्रशासनिक वा अन्य उपायहरूसम्बन्धी प्रतिवेदनका प्रतिहरू प्राप्त गर्नेछ र ती निकायहरूलाई राय तथा सिफारिश प्रदान गर्नेछ ।

३. समितिले महासभामा पेश गर्ने आफ्नो प्रतिवेदनमा संयुक्त राष्ट्र संघका निकायहरूबाट आफूले प्राप्त गरेको निवेदन तथा प्रतिवेदनहरूको सारांश तथा ती निवेदन तथा प्रतिवेदनहरूसँग सम्बन्धित समितिको राय तथा सिफारिशहरूसमेत समावेश गर्नेछ ।

४. यस महासन्धिका उद्देश्यहरूसँग सम्बन्धित तथा यस धाराको प्रकरण २ (क( मा उल्लिखित इलाकाहरूसम्बन्धी संयुक्त राष्ट्रसंघका महासचिवसँग उपलब्ध सबै जानकारीकालागि समितिले निजलाई अनुरोध गर्नेछ ।

धारा १६

यस महासन्धिका विवाद वा उजुरीहरूको समाधानसम्बन्धी व्यवस्थाहरू संयुक्त राष्ट्रसंघ तथा यसका विशिष्टिकृत निकायहरूको दस्तावेजहरू वा सोबाट ग्रहण गरिएका महासन्धिहरूमा व्यवस्थित भेदभावसँग सम्बन्धित विवाद वा उजुरीहरूको समाधान गर्न व्यवस्था गरिएका अन्य कार्य विधिहरूमा प्रतिकूल प्रभाव नपर्ने गरी लागू गरिनेछ र यी व्यवस्थाहरूले पक्षराष्ट्रहरूलाई आफूहरूबीच लागू रहेका सामान्य वा विशेष अन्तर्राष्ट्रिय सम्झौताहरूअनुसार विवादको समाधान गर्ने विषयमा अन्य कार्यविधि अवलम्बन गर्न रोक लगाउनेछैनन् ।

भाग तीन

धारा १७

१. संयुक्त राष्ट्रसंघको कुनै सदस्य राष्ट्र वा यसको कुनै विशिष्टिकृत मध्ये कुनै निकायको सदस्यबाट, अन्तर्राष्ट्रिय न्यायालयको विधानको कुनै पक्षराष्ट्रबाट, तथा संयुक्त राष्ट्रसंघ महासभाबाट यस महासन्धिको पक्ष हुन आमन्त्रण गरिएको अन्य कुनै राष्ट्रबाट हस्ताक्षरकोलागि यस महासन्धि खुला छ ।
२. यो महासन्धि अनुमोदन गरिनु पर्नेछ । अनुमोदनको लिखत संयुक्त राष्ट्रसंघका महासचिव समक्ष दाखिला गरिनेछ ।

धारा १८

१. यस महासन्धि यस महासन्धिको धारा १७, प्रकरण १ मा उल्लिखित कुनै राष्ट्रबाट सम्मिलनकोलागि खुला हुनेछ ।
२. सम्मिलनको लिखत संयुक्त राष्ट्रसंघका महासचिव समक्ष दाखिला गरी सम्मिलन लागू गरिनेछ ।

धारा १९

१. संयुक्त राष्ट्रसंघको महासचिवसमक्ष अनुमोदनको वा सम्मिलनको सत्ताइसौं लिखत दाखिला भएको मिति पछिको तीसौं दिनमा यस महासन्धि लागू हुनेछ ।

२. अनुमोदन वा सम्मिलनको सत्ताइसौं लिखत दाखिला भएपछि यस महासन्धि अनुमोदन गर्ने वा अकासन्धिमा सम्मिलित हुने प्रत्येक राष्ट्रको हकमा सो राष्ट्रको अनुमोदन वा सम्मिलनको लिखित दाखिला भएको मिति पछिको तीसौं दिनमा यस महासन्धि लागू हुनेछ ।

धारा २०

१. संयुक्त राष्ट्रसंघको महासचिवले महासन्धि अनुमोदन वा सम्मिलन गर्दाको बखत राष्ट्रहरूबाट राखिएको आरक्षणहरू प्राप्त गरी यस महासन्धिका पक्ष भएका वा पक्ष हुन सक्ने सबै राष्ट्रहरूलाई वितरण गर्नेछ । आरक्षणमा विरोध गर्ने कुनै राष्ट्रले महासचिवलाई सो सूचना प्राप्तिको मितिबाट नब्बे दिनको अवधिभित्र आफूले सो आरक्षण स्वीकार नगर्ने कुरा जानकारी दिनेछ ।
२. यस महासन्धिको उद्देश्य तथा प्रयोजन विपरितका आरक्षणहरू स्वीकार गरिनेछैन । न त यस महासन्धिबाट स्थापित निकायहरूमध्ये कुनै निकायको संचालन अवरुद्ध गर्न सक्ने किसिमको आरक्षणलाई नै अनुमति दिइनेछ । यस महासन्धिका पक्षराष्ट्रका कम्तिमा दुई तिहाई पक्षराष्ट्रहरूले कुनै आरक्षणको विरोध गरेमा त्यस्तो आरक्षणलाई असंगतपूर्ण वा अवरुद्धकारी मानिनेछ ।
३. आरक्षणहरू महासचिवलाई सम्बोधन गरी दिइएको सोसम्बन्धी सूचनाद्वारा कुनै पनि समयमा फिर्ता लिन सकिनेछ । त्यस्तो आरक्षणको विरोध गरेमा त्यस्तो आरक्षणलाई असंगतपूर्ण वा अवरुद्धकारी मानिनेछ ।

धारा २१

कुनै पक्षराष्ट्रले संयुक्त राष्ट्रसंघका महासचिवलाई लिखित सूचना दिएर यो महासन्धि परित्याग गर्न सक्नेछ । त्यस्तो परित्याग महासचिवले सूचना प्राप्त गरेको मितिबाट एक वर्ष पछि लागू हुनेछ ।

धारा २२

यस महासयन्धिको व्याख्या वा कार्यान्वयनका सम्बन्धमा दुई वा सोभन्दा बढी पक्षराष्ट्रहरूबीचको कुनै विवाद वार्ता वा यस महासन्धिमा स्पष्टरुपमा व्यवस्था गरिएको कार्यविधिबाट समाधान हुन नसकेमा, झगडियाहरू समाधानको अर्को तरिकामा सहमत नभएमा विवादका पक्षहरूमध्ये कुनै एक पक्षको अनुरोधमा त्यस्तो विवाद निर्णयकोलागि अन्तर्राष्ट्रिय न्यायालयमा पेश गरिनेछ ।

धारा २३

१. यस महासन्धिको पुनरावलोकनकोलागि कुनै पक्षराष्ट्रले कुनै पनि समयमा संयुक्त राष्ट्रसंघका महासचिवलाई सम्बोधन गरिएको लिखित सूचनाको माध्यमबाट अनुरोध गर्न सक्नेछ ।
२. संयुक्त राष्ट्रसंघको महासभाको त्यस्तो अनुरोधका सम्बन्धमा कुनै पाइलाहरू चाल्नुपर्ने भए सो सम्बन्धमा निर्णय लिनेछ ।

धारा २४

संयुक्त राष्ट्रसंघका महासचिवले यस महासन्धिको धारा १७ प्रकरण १ बमोजिमका सबै राष्ट्रहरूलाई देहायका कुराहरूको जानकारी दिनेछन् :

(क) धारा १७ तथा १८ अन्तरगतका हस्ताक्षर, अनुमोदन तथा सम्मिलनहरू,
(ख) धारा १९ बमोजिम यस महासन्धि लागू भएको मिति,
(ग) धारा १४, २० र २३ अन्तरगत प्राप्त गरिएका सूचना तथा घोषणापत्रहर,
(घ) धारा २१ बमोजिमका परित्यागहरू ।

धारा २५

१. यो महासन्धि, जसका अरबी, चीनिया, अंग्रेजी, फ्रान्सेली, रसियाली तथा स्पेनी प्रतिहरू समान रुपले प्रामाणिक छन्, संयुक्त राष्ट्रसंघको अभिलेखालयमा दर्ता गरिनेछ ।
२. संयुक्त राष्ट्रसंघका महासचिवले महासन्धिको धारा १७ को प्रकरण १ बमोजिमका वर्गहरूमध्ये कुनै वर्गका सबै राष्ट्रहरूलाई यस महासन्धिका प्रमाणित प्रतिहरू सम्प्रेषण गर्नेछन् ।